**पुतलीबजार नगरपालिका**
**नगरकार्यपालिका वैठक**

वैठक संख्याः ९८
मिति २०८०।१०।०३
समयः दिउसो १.०० बजे

**वैठकका प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा सम्वन्धमा ।
२. संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तरगत आ व २०८१/८२ का लागि पेश गरिने योजना छनौट सम्वन्धमा ।
३. आर्थिक वर्ष २०८०/८१ को सडकवोर्ड तर्फको योजना छनौट सम्वन्धमा ।
४. सिनियर डिभिजनल ईन्जिनियरको नियुक्ति सम्वन्धमा ।
५. सरसफाई केन्द्रमा कर्मचारी ज्यालादारीमा सेवा करार सम्झौता गर्नेसम्वन्धमा ।
६. आ व २०८१/८२ को फलफूल सम्वन्धी शसर्त अनुदान कार्यक्रम सम्वन्धमा ।
७. कानून व्यवसायीको पारीश्रमिक सम्वन्धमा ।
८. सशर्त अनुदान तर्फको योजना सम्वन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ अनुसार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को संस्थागत क्षमता स्वमूल्यांकन गरी प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु भएको नतिजा अनुमोदन गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल हुँदा समपरक अनुदान सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट संघीय समपरक अनुदान तथा संघीयविशेष अनुदान अन्तगर्त आ .व. २०८१ /२ ८२ मा कायान्र्वयन हुने आयोजना कायर्क्रम/हरुको लागि प्रस्ताव पेश गर्ने सम्वन्धि राष्ट्रिय योजना आयोगवाट प्रकाशित सूचना अनुसार गत वर्षवाट संचालित क्रमागत योजनाहरु लगायत तपशिल बमोजिमका थप योजनाहरुको प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो ।

क) समपुरक अनुदान तर्फ पेश गरिने योजनाहरुः

१. पुतलीखेत -आरुचौर- सडक (वैदी आमडाँडा खण्ड) क्रमागत पुतलीबजार १४ -
२. टापु सिँचाई योजना क्रमागत पुतलीबजार १३ -

तुलसी राम रेग्मी
नगर प्रमुख

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

३. मसर्गा मोहरिया दुलेगौडा सडक निर्माण -

४. मालेबगर- छिपेहटिया- लाम्पाटा -नुवार भञ्ज्याङ -अर्जुनचौपारी सडक -

५. सुम्रेखोला लाम्पाटा दरौ सडक पुतलीजार ११ र १३ -

ख) विशेष अनुदान तर्फ पेश गरिने योजनाहरु

१. मालेबगर सरसफाई केन्द्र आधुनिक उपकरण खरीद र पूर्वाधार निर्माण क्रमागत पुतलीबजार १ -

२. बेझाङ चण्डीकालिका दलितवस्ती खानेपानी योजना पुतलीबजार १४ -

३. खोरिया दलितवस्ती खानेपानी योजना पुतलीबजार १ -

४. सुन्दरटोल खानेपानी योजना पुतलीबजार ४ -

५. मानडाँडा दलितवस्ती खानेपानी योजना पुतलीबजार ७ -

६. घडेरी खलितवस्ती खानेपानी योजना पुतलीबजार १० -

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा सडक वोर्ड नेपालको च न ४६७ मिति २०८०।०८।०१ को पत्रवाट यस नगरपालिकालाई चालु आर्थिक वर्ष २०८०।८१ को लागि ९५०००००। अक्षरुपी पन्चानब्बे लाखको बजेट स्वीकृत भइ आएकोले उक्त कार्यक्रम अन्तर्गत पुतलीबजार नगरपालिकाको वाडखोला- नयाँबजार- पौवैगौडे- टक्सार सडकको नयाँबजार पौवैगौडे खण्ड मर्मत सम्भार र स्तरोन्नती गर्ने योजना नगरपालिकाको तर्फवाट साझेदारीमा व्यहोर्नु पर्ने रकम समेत व्यहोर्ने गरी स्वीकृत गर्ने र सो योजनाको सहमतिको लागि सडक वोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश पोखराको च न१३ मिति २०८०।९।२६ को पत्रवाट यस कार्यालयमा स्थानीय सेवा, ईन्जिनियरिङ सिभिल समुह, नवौं तह, सि डि ई पदमा नियुक्तिको लागि सिपारिस भई आउनु भएका श्री बिमल रन्जन कार्की लाई स्थानीय सेवा (गठन तथा सन्चालन) ऐन, २०७९ को नियम १६ बमोजिम नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तगरगत मालेवगरमा रहेको सरसफाई केन्द्रमा फोहर वर्गीकरण गर्ने कार्यका लागि जनशक्ति कम भई फोहर व्यवस्थापनमा समस्या भएकोले नगर प्रमुखको आदेश बमोजिम सरसफाई केन्द्रमा कार्य गर्न इच्छुक भई निवेदन पेश गरेका ३ जना सरसफाईकर्मीलाई दैनिक ज्यालादारीमा काम गराईएकोले निजहरुको ज्याला भुक्तानी गर्ने र काम आवश्यक भएसम्म मात्र दैनिक ज्यालादारीमा कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुर काठमाण्डौको च न १३२ मिति २०८० ।९।१३ को आर्थिक वर्ष २०८१।८२ का लागि शसर्त अनुदानमा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्ने

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

सम्वन्धि पत्र अनुसार उक्त कार्यक्रमको लागि कृषि विकास शाखावाट तयार गरी पेश गरेको निम्न कार्यक्रम प्रस्ताव स्वीकृत गरी पेश गर्ने निर्णय गरियो ।

१. फलफुल दशक कार्यक्रम अन्तर्गत व्यवसायिम फलफुल बगैचा विस्तार कार्यक्रम ४५,७७०००।
२. सुन्तालाजात फलफुल बगैचा सुदृढिकरण कार्यक्रम २३,४००००।

**निर्णय नं ७**

प्रस्ताव न ७ माथि छलफल गर्दा यस नगरपालिकालाई विपक्षी बनाई विभिन्न अदालतमा परेका विभिन्न मुद्दाहरुमा नगरपालिकाको तर्फवाट वहस पैरवी गर्न लगाईएका कानून व्यवसायी श्री तुलसी गिरीलाई कानून शाखावाट पेश भएको निम्न अनुसारको पारीश्रमिक परामर्श शिर्षकवाट खर्च लेखी भुक्तानी गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१. नगरपालिका र श्री पदम बहादुर थापा पु.व.न.पा ७ संग सम्वन्धित मुद्दा रु ८००००।
२. नगरपालिका र श्री रेशम बहादुर खत्री पु.व.न.पा १३ संग सम्वन्धित मुद्दा रु ८००००।
३. नगरपालिका र श्री ध्रुवराज अधकारी पु व न पा १३ संग सम्वन्धित मुद्दा रु १२२०००।
४. नगरपालिका र श्री बलराम दोरङ्गा पु व न पा ३ संग सम्वन्धित मुद्दा रु १२८०००।

जम्मा रु ४९००००। अक्षरुपी चारलाख नव्वेहजार मात्र ।

**निर्णय नं ८**

प्रस्ताव न ८ माथि छलफल गर्दा यस नगरपालिकावाट कार्यान्वयन हुने गरी चालु आर्थिक वर्षको लागि प्राप्त सशर्त अनुदान तर्फ पुतलीबजार १३ कुनेलको चौतारी देखी अर्जुनचौपारी सडक कालोपत्रे तथा स्तरोन्नती योजनामा २००००००। अक्षरुपी बीस लाख स्वीकृत भई आएकोमा उक्त सडक निर्माणाधिन अवस्थामा भएको र कालोपत्रेको लागि नाला वाल लगायतका पूर्वाधार तयार पनि नभएकोले विनियोजित २००००००। अक्षरुपी बीसलाखले पूर्वाधार निर्माण पनि नपुग्ने भएकोले स्तरोन्नतीको कार्य गर्न स्वीकृत पाउँ भनी प्राविधिकको राय सहित उपभोक्ताहरुको भेला तथा १३ नं वडा कार्यालयवाट समेत सिफारिस भई आएकोले उक्त योजनाको स्तरोन्नतीको कार्य गर्ने निर्णय गरियो ।

२०८०-१०-३
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख